


नेपालको रेडप्लस कार्यक्रमको
लाभ बाँडफाँड योजना सम्बन्धमा

# आदिवासी जनजातिका सवाल र मागहरू

(नेपाल आदिवासी जनजाति महासंघ, राष्ट्रिय आदिवासी जनजाति महिला महासंघ, आदिवासी जनजाति युवा महासंघ नेपाल, नेपाल आदिवासी जनजाति अपाङ्ग संघ, नेपाल आदिवासी जनजाति पत्रकार महासंघ, आदिवासी तथा जनजाति गैर सरकारी संस्था महासंघ नेपाल)

डिसेम्बर २०२२

नेपालका १३ जिल्लामा विश्व बैंकको "वन कार्वन साझेदारी सुविधा (एफसीपीएफ)" को आर्थिक सहयोगमा सन् २०१८ को जून महिनादेखि कार्वन उत्सर्जन न्यूनीकरण कार्यक्रम (ईआरपी) सञ्चालन भइरहेको छ । उक्त रेडप्लस कार्यक्रमबाट प्राप्त लाभको बाँडफाँड कसरी गर्ने भन्नेबारे नेपालले "लाभ बाँडफाँड योजना" बनाएको छ । विश्व बैंकको कार्वन कोषबाट आर्थिक सहयोग प्राप्त आयोजनाको निम्ति यस्तो योजना अनिवार्य छ । सो योजना नेपाल सरकारले विश्व बैंकलाई सन् २०२१ को फेब्रअरीमा बुझायो । विश्व बैंकको कार्वन कोषको मेथोडालोजिक फ्रेमवर्क र फेसिलीटी म्यानेजमेन्ट नोटको आवश्यकताहरू अनुसार विवरण समावेश गरी उक्त लाभ बाँडफाँड योजना बनाइएको नेपाल सरकारले उल्लेख गरेको छ ।

जलवायु परिवर्तनसम्बन्धी संयुक्त राष्ट्रसंघीय खाका महासन्धी (यूएनएफसिसिसि) अन्तर्गत भएको "क्यानकुन सम्झौता" को सुरक्षा नीतिमा आदिवासी जनजातिको अधिकार र सहभागिताका कुराहरूलाई प्राथमिकता दिएको छ । नेपालले आदिवासी जनजातिको अधिकार संम्बन्धि महासन्धि आईएलओ १६९ र यूएनड्रिप लगायतका अन्तर्राष्ट्रिय महासन्धिहरू र घोषणापत्र अनुमोदन गरेको र आदिवासी जनजातिका प्रथाजनित अधिकार, आत्मनिर्णयको अधिकार, स्वतन्त्र, अग्रिम जानकारीसहितको मञ्जुरी, पूर्ण र प्रभावकारी सहभागितालगायतका अधिकारहरूसम्बन्धी अन्तर्राष्ट्रिय कानूनी दायित्वहरू लिइसकेको र राष्ट्रिय रेडप्लस रणनीतिका प्रावधानहरू समेतको आधारमा नेपालले रेडप्लस लाभ बाँडफाँड योजना बनाउनु पर्ने हुन्छ ।

यी सबै पक्षहरूलाई विचार गर्दा नेपालको रेडप्लस लाभ बाँडफाँड योजनाले कार्यक्रम क्षेत्रको जनसंख्याको हिसाबले सबैभन्दा ठूलो समुदाय (ईआरपीडी २०१८ अनुसार ३१ प्रतिशत) रहेका आदिवासी जनजातिका अधिकार न्यायोचित तवरले सम्बोधन नभएको पाइन्छ । यस योजनाको सन्दर्भमा निम्न सवालहरू महत्वपूर्ण छन्ः

**१. रेडप्लसमा प्रथाजनित अधिकारबारेः** रेडप्लस कार्यक्रमबाट प्राप्त लाभहरू (आधारभूत विनियोजन) सरकारले व्यवस्थापन गरेका वनको लागि सरकारी निकाय (डिभिजन वन कार्यालयहरू) र सामुदायिक वन, समुदायले व्यवस्थापन गरेका अन्य वन उपभोक्ता समूहहरू, निजी वन धनी एवं यी सामुदायिक/समुदायले व्यवस्थित गरेका वन उपभोक्ता समूहहरू बाहिरका अन्य विपन्न/सीमान्तकृत समूहहरूबीच बाँडिने उल्लेख छ । नेपालको वन ऐनले प्रथाजनित अधिरबारे नबोलेकोले यसमा आदिवासी जनजातिले प्रथाजनित अभ्यासबाट संरक्षण गर्दै आएका वनको छुट्टै वर्गीकरण छैन । यस लाभ बाँडफाँड योजनामा (सुरक्षा नीति अनुगमनसम्बन्धी खण्ड ५.४) प्रथाजनिक संस्थाहरूको र त्यस्ता संस्थाबाट व्यवस्थापन गरिएका वनको लागत (इन्भेटोरी) बनाई सोको अनुगमन वार्षिक रूपमा रेड कार्यान्वयन केन्द्रले गर्ने उल्लेख भए पनि त्यस्तो कार्यहरू गरिएको जानकारी छैन । साथै, प्रथाजनित वन भनी छुट्टै वर्गीकरणको आधारमा लाभको प्रवाह हुने अवस्था नरहेपछि, आदिवासी समुदायले प्रथाजनित तवरले संरक्षण एवं व्यवस्थापन गर्दै आएका वनवापत् के कस्तो प्रतिफल हासिल गर्छन्, सो सम्बन्धित वन उपभोक्ता समूहको लगानी योजना (इन्भेष्टमेन्ट प्लान) मा नै भर पर्ने देखिन्छ । यसतर्फ





सरकारी निकाय (विशेषगरी वन डिभिजन कार्यलय जसले उक्त लगानी योजनाको समीक्षा र स्वीकृत गर्छ) उत्तरदायी हुन र आदिवासी समुदाय सचेत हुन आवश्यक छ ।

स्मरणीय के छ भने कार्वन कोषको मेथोडोलोजिकल फ्रेमवर्कले (फेसिलिटि व्यवस्थापन टीम नोटको निर्णय) रेडप्लस कार्यक्रमको लाभ बाँडफाँड संयन्त्रले प्रथाजनित अधिकारको सम्मान गर्नुपर्ने उल्लेख गरेको छ ।

**२. नेपालले हस्ताक्षर र अनुमोदन गरेका अन्तर्राष्ट्रिय कानूनी दायित्वहरूसँग तालमेलको अभावः** कार्वन कोषको मेथोडोलोजिकल फ्रेमवर्कमा (क्राइटेरिया ३३, सूचक ३३.१) रेडप्लस कार्यान्वयन गर्ने देशले लाभ बाँडफाँड योजना बनाउँदा र कार्यान्वयन गर्दा सम्बन्धित अन्तर्राष्ट्रिय कानूनी प्रतिबद्धताहरू पनि पालन गर्नुपर्ने जनाएको छ । सामान्यतः नेपालले आदिवासी जनजातिका अधिकार सम्बन्धि अन्तर्राष्ट्रिय व्यवस्थाहरू जस्तै आईएलओ १६९, यूएनड्रिप जस्ता महासन्धि/घोषणापत्र अनुमोदन गरेपनि ती अन्तर्राष्ट्रिय मापदण्डहरू अनुसार रेडप्लसको बाँडफाँड योजना बनेको छैन ।

आदिवासी जनजातिको रेडप्लस बाँडफाँडसुरक्षा नीति सवालमा कार्वन कोषको मेथोडोलोजिक फ्रेमवर्कले लाभ बाँडफाँड योजना विश्व बैंकको वातावरणीय तथा सामाजिक सुरक्षा नीति (ईएसएस) अनुरूपको र यूएनएफसीसीसीको क्यानकुन सुरक्षा मापदण्डलाई समर्थन र प्रबर्द्धन गर्ने खालको हुनुपर्नेछ भनेको छ । परियोजना स्तरमा लागू हुने कार्वन कोषका मेथोडोलोजिक फ्रेमवर्क, विश्व बैंक वातावरणीय तथा सामाजिक सुरक्षा मापदण्ड (ईएसएस) मात्र होइन, आदिवासी जनजातिका अधिकारसम्बन्धी विश्वव्यापी मान्यतालाई पनि नेपालको कार्वन उत्सर्जन न्यनीकरण कार्यक्रमलाई जोडेर हेर्नुपर्ने हुन्छ । त्यस अर्थमा निम्न अन्तर्राष्ट्रिय कानूनी उपकरण र प्रावधानहरू नेपालको चालू रेडप्लस कार्यक्रम र त्यसअन्तर्गतको लाभ बाँडफाँड योजनामा लागू हुनुपर्ने तर नभएको देखिन्छ :

### यूएनएफसीसीसीअन्तर्गतको सम्झौताहरू

- वन विनासको सम्बोधन गर्दा आदिवासी जनजातिका अधिकार र ज्ञानको संरक्षण गर्नुपर्ने र उनीहरूको पूर्ण र प्रभावकारी सहभागिता हुनुपर्ने । सुरक्षा मापदण्ड अनुगमन र सुरक्षा सूचना प्रणालीको स्थापना र प्रतिवेदन (क्यानकुन सुरक्षा नीति कोप १६, २०१०) ।
- कुनै पनि पक्ष राष्ट्रले जलवायु कार्यहरू गर्दा आदिवासी जनजातिको अधिकारको सम्मान तथा प्रबर्द्धन गर्नुपर्ने र सोबारे आफूले जनाएको प्रतिवद्धता ख्याल गर्नुपर्ने (पेरिस सम्झौता, कोप २१, २०१५) ।

### आदिवासी जनजातिका अधिकारसम्बन्धी संयुक्त राष्ट्रसंघीय घोषणापत्र

- परम्परागत रूपमा आफ्नो अधिनमा रहेको आफ्नो भूमि, क्षेत्र र स्रोतसाधनहरूमाथिको स्वामित्व,

उपयोग र नियन्त्रणको अधिकार सुरिक्षित ।

- आदिवासी जनजातिसँग स्वतन्त्र, अग्रिम जानकारीसहितको मञ्जुरी लिनपर्ने ।
- धार्मिक तथा सास्कृतिक अभ्यास र स्थलहरू कायम राख्ने र जोगाउने अधिकार हुन्छ ।

### अन्तर्राष्ट्रिय श्रम संगठन महासन्धि नं. १६९

- आत्मनिर्णय र अग्रिम जानकारीसहितको मञ्जुरीको अधिकार ।
- राष्ट्रिय नियम कानूनको कार्यान्वयन गर्दा आदिवासी जनजातिका प्रचलन र प्रथाजनित कानूनको उचित सम्मान गरिनुपर्ने ।
- योजना र कार्यक्रमहरूको सबै चरणमा सहभागी गराइनुपर्ने ।

### विश्व बैंक सुरक्षा नीति :

- आदिवासी जनजातिको जल, जमिन र जंगलसँगको अटुट सम्बन्धको सम्मान गर्नुपर्ने ।
- आदिवासी जनजातिसँग स्वतन्त्र, अग्रिम जानकारीसहितको मञ्जुरी लिनुपर्ने ।
- प्रथाजनित अधिकारको सम्मान गर्नुपर्ने ।
- छुट्टै आदिवासी जनजाति योजना वा खाका (आईपीपी वा आईपीपीएफ) बनाइनुपर्ने ।

**३. राष्ट्रिय रेडप्लस रणनीति र नीतिहरूसँग तादात्म्यता अभाव :** कार्वन कोषको मेथोडोलोजिक फ्रेमवर्कले रेडप्लस लाभ बाँडफाँडको व्यवस्था राष्ट्रिय रेड तयारी प्रक्रिया जस्तै राष्ट्रिय रेडप्लस रणनीति, रणनीतिक वातावरणीय तथा सामाजिक आँकलन (सेसा) समेतमा आधारित हुनुपर्ने उल्लेख छ । नेपालको राष्ट्रिय रेडप्लस रणनीति, सेसामा आदिवासी जनजातिका अधिकारसम्बन्धमा केही हदसम्म प्रगतिशील रहेपनि सो भाव लाभ बाँडफाँड योजनामा सोही अनुसार झल्केको पाइँदैन । नेपालको समग्र रेडप्लस कार्यक्रम र लाभ बाँडफाँड योनजासँग प्रत्यक्ष वा परोक्ष सम्बन्ध राख्ने केही राष्ट्रिय प्रावधानहरू (तल बुँदागतमा) :

### रेडप्लस रणनीति, २०७५-२०७९

- आदिवासी जनजातिको स्वतन्त्र, अग्रिम जानकारीसहितको मञ्जुरी लिने ।
- अन्तर्राष्ट्रिय श्रम संगठन महासन्धि १६९ र आदिवासी जनजातिको अधिकारसम्बन्धी संयुक्त राष्ट्रसंघीय घोषणापत्रलगायत राष्ट्रिय तथा अन्तर्राष्ट्रिय मापदण्डहरू अनुरूप विद्यमान नीति र कानूनी व्यवस्थाहरू सुधार गर्ने ।
- सुरक्षा मापदण्डहरू र यूएनएफसीसीसीअन्तर्गतका निर्णयहरू अनुसार विकास गर्नुपर्ने सुरक्षा मापदण्ड सूचना प्रणाली विकास गरी सञ्चालन गरिने ।
- निर्णय प्रक्रियाहरूमा आदिवासी जनजातिको प्रतिनिधित्व र अर्थपूर्ण सहभागिता सुनिश्चित गर्ने ।
- वन व्यवस्थापन योजनामा प्रथाजनित ज्ञान र अभ्यासको मान्यता र समायोजन ।
- सांस्कृतिक रूपमा उपयुक्त गुनासो सनुवाई संयन्त्रको कार्यान्वयन गर्ने ।

### वन क्षेत्र रणनीति, २०७२

- समुदायमा आधारित वन व्यवस्थापनमा परम्परागत र प्रथाजनित उपयोग अभ्यासहरू सबलीकरण गर्ने ।
- समुदायमा आधारित वन व्यवस्थापनको नेतृत्व र निर्णय तहमा आर्थिक रूपले विपन्न र सीमान्तीकृत समुदायको समानुपातिक समावेशिता र प्रतिनिधित्व



सुनिश्चित गरिने ।

## वन नीति, २०७२

- सामुदायिक वन उपभोक्ता समूहभित्रै पनि आदिवासी जनजातिलगायतका समूहहरूको छुट्टै उपसमूह बनाइने ।
- जैविक विविधता र स्रोत तथा जलाधारको दीगो व्यवस्थापन र उपयोगमा आदिवासी जनजातिको पहुँच बृद्धि गर्ने ।

## जलवायु परिवर्तन नीति, २०६७

- जलवायु अनुकूलन तथा न्यूनीकरणसम्बन्धी परम्परागत तथा स्थानीय ज्ञान, सीप, अभ्यास तथा प्रविधिसम्बन्धी सामग्री सङ्कलन, प्रकाशन, प्रसार तथा उपयोग गर्ने, गराउने ।

**४. आदिवासी जनजाति लक्षित मौद्रिक लाभ नरहेको :** वन ऐन, २०१९ र लाभ वितरण निर्देशिका अनुरूप यस रेडप्लस कार्यक्रमबाट प्राप्त मौद्रिक लाभहरू, २५ प्रतिशत वन विकास, संरक्षण र व्यवस्थापन क्रियाकलापहरूको लागि, ३७.५ प्रतिशत गरिबी न्यूनीकरण, महिला सशक्तीकरण र वनमा आधारित उद्यम विकासको लागि र बाँकी ३७.५ प्रतिशत समूहको हितजन्य क्रियाकलापको लागि भनी छुट्याएको छ । विस्तृत खर्च शीर्षकहरू सम्बन्धित वन उपभोक्ता समूह बनाउने लगानी योजना (इन्भेष्टमेन्ट प्लान), अनुसार हुने र जुसको कार्यान्वयन पूर्व डिभिजन वन कार्यलयले समीक्षा गरी अनुमोदन गर्ने भन्ने व्यवस्था छ । यस सम्बन्धमा, आदिवासी जनजातिका सवालहरू २ तहमा छन् :

(क) नेपालमा विद्यमान सबैखाले वन व्यवस्थापन प्रणालीले आदिवासी जनजातिको अधिकार हनन् गरिरहेको सन्दर्भमा, विद्यमान कुनै खाले वन व्यवस्थापन प्रणालीमार्फत संचालित कार्यक्रमले आदिवासी जनजातिको भूमि अधिकार हनन गर्छ ।

(ख) वन उपभोक्ता समूह बनाउने लगानी योजना (इन्भेष्टमेन्ट प्लान) अनुसार हुने वन विकास, संरक्षण र व्यवस्थापन क्रियाकलाप, गरिबी न्यूनीकरण, महिला सशक्तीकरण र वनमा आधारित उद्यम विकास वा समूहको हितजन्य क्रियाकलापको लागि भनी छुट्याएको खर्चले आदिवासी महिला र युवालगायत समग्र आदिवासी जनजातिको सशक्तिकरण, विकास वा आदिवासी जनजाति आधारित उद्यम विकास, आदिवासी ज्ञान, सीप, कला एवं संस्कृति संरक्षण एवं प्रबर्द्धनका लागि काम नगर्ने देखिन्छ ।

**५. आदिवासी लक्षित गैरमौद्रिक लाभको नरहेको :** योजनामा गैरमौद्रिक लाभहरूको व्यवस्था गरिएको छ । गैरमौद्रिक लाभहरू (वस्तु र सेवा) अन्तर्गत विभिन्न कुराहरू जस्तै आयआर्जन तालिम, बोटे माझी समुदायको




लागि आधुनिक माछा मार्ने प्रविधि, नेतृत्व तथा सीप विकास तालिम, वन व्यवस्थापन तालिम, लेखापालन तालिम, रेडप्लस तालिम, आदिवासी ज्ञान संरक्षण तालिम, कार्बन मापन तालिम, बीऊ विजन वितरण, वायो ग्याँस वितरण आदि राखिए पनि परम्परागत जीवनपद्धति, ज्ञान, सीप, जीविकोपार्जनका उपायहरू र प्राकृतिक स्रोत व्यवस्थापन अभ्यासहरूलाई प्रबर्द्धन गर्ने आदिवासी आधारित क्रियाकलापहरू समावेश छैन, जुन समावेश गर्न जरूरी छ ।

**६. आदिवासी जनजातिको वन संरक्षणमा ऐतिहासिक योगदानको उपेक्षा गरिएको :** रेडप्लस लाभ वितरण गर्दा सरकारी वन र सामुदायिक/समुदायको व्यवस्थापनमा आधारित वनबीच क्षेत्रफलगत रूपमा हेक्टरमा ३/१ को अनुपात राखिएको छ । यसको पुष्ट्याई स्थानीय समुदायको ऐतिहासिक योगदान भनी उल्लेख छ । आदिवासी जनजातिसदियौंदेखि प्रकृतिसँग अन्यान्योश्रित सम्बन्ध भएका र आफ्ना् परम्परा, संस्कृति र सामाजिक मूल्यमान्यतामार्फत् वन संरक्षणमा दिएको देनलाई योजनाले स्वीकार गरेको छैन । आदिवासी जनजातिका प्रकृतिमैत्री संस्कृति, मूल्य तथा मान्यता, र जीवनपद्धतिलाई मान्यता



दिएको र प्रोत्साहित गरेको पाइँदैन । यो अवस्था यूएनएफसीसीसीको "साझा तर फरक उत्तरदायित्व" को सिद्धान्त अनुरूप छैन ।

**७. सहभागिताको सवाल :** यस लाभको बाँडफाँड योजना निर्माणमा आदिवासी जनजातिको प्रतिनिधिमूलक संस्थामार्फत् परामर्श गरिएको छैन (१ पटकको छलफलमा यस्ता संस्थाको सहभागिता उल्लेख गरिएपनि यो पर्याप्त र सुसूचित थिएन) । अझ, यस योजनाको संघीय तथा स्थानीय कोष व्यवस्थापन योजनामा आदिवासी जनजातिको समावेशी र संस्थागत प्रतिनिधित्व पाइँदैन । कोष व्यवस्थापन समितिहरू वन नियमावली, २०७९ को अधिनमा रही गठन गरिने उल्लेख छ जब कि नियमावली (कोष संचालन, नियम १०९) मा अन्य अलावा महिला सदस्यसहित वन उपभोक्ता समूहबाट प्रतिनिधिको मात्र व्यवस्था छ । कार्वन कोषको मेथोडोलोजिक फ्रेमवर्क (क्राइटेरिया ३१, सूचक ३१.१) मा लाभ बाँडफाँड योजना आदिवासी जनजातिसँग परामर्शदायी, पारदर्शी र सहभागितामूलक पद्धतिबाट गरिनुपर्ने उल्लेख छ । आइएलओ १६९, यूनड्रिप, क्यानकुन सम्झौता जस्ता अन्तर्राष्ट्रिय प्रावधानहरूले पनि आदिवासी जनजातिसँग सम्बन्धित जलवायु कार्यक्रमहरूको प्रक्रिया र संरचनाहरूमा उनीहरूको अर्थपूर्ण सहभागितामा पनि जोड दिएको छ । यो योजना प्रभावित समुदायलाई उनीहरूले बुझ्ने स्वरूप, तरिका र भाषाको माध्यमबाट खुलासा गर्नुपर्ने समेत उक्त फ्रेमवर्क भनेको छ ।

**८. गुनासो सुनुवाई संयन्त्रबारे :** कार्वन उत्सर्जन कार्यक्रममा पृष्ठपोषण र गुनासो सुनुवाई संयन्त्र हुनुपर्ने र त्यस्तो संयन्त्रमा प्रथाजनित गुनासो सुनुवाई संयन्त्र र निर्णय प्रक्रियालाई पनि राख्न सकिनेछ (मेथोडोलोजिक फ्रेमवर्क, क्राइटेरिया २६, सूचक २६.१) । नेपालको लाभ बाँडफाँड योजनामा गुनासा व्यवस्थापनसम्बन्धी संघीय र स्थानीय तहमा औपचारिक र अनौपचारिक निकायहरू जस्तै अदालत, मेलमिलाप केन्द्र, न्यायिक समिति, रेडप्लस डेस्क आदिको व्यवस्था गरिएपनि स्थानीय तहका गुनासा/द्वन्द्व समाधान गर्न प्रचलनमा रहेका त्यस्ता संयन्त्रहरू र प्रथाजनित गुनासो सुनुवाई संयन्त्र र निर्णय प्रक्रिया छुटेका छन् । स्थानीय तहका गुनासाहरू सम्बोधन गर्न यी संयन्त्रहरूको पनि प्रयोग गर्नु उचित देखिन्छ ।

**९. प्रस्तुत बुँदाहरूको अतिरिक्त निम्न सवालहरू पनि आदिवासी जनजातिको प्रमुख मुद्दा हुन् ।**

(क) आदिवासी जनजातिको प्रतिनिधित्व, सहभागिता र नेतृत्वको सन्दर्भमा यो दस्तावेज नेपालको राष्ट्रिय रेडप्लस रणनीति-२०७५ अनुरूप नभएको ।

(ख) यो दस्तावेज रेडप्लस सम्बन्धी नेपालको Social Environmental Strategic Assessment (SESA) दस्तावेज अनुरूप नभएको र SESA मा उल्लेखित प्रावधान अनुसार वेवास्ता गरिएको ।

(ग) यो दस्तावेजमा विश्व बैंकको आदिवासी जनजातिसम्बन्धी मापदण्ड Environmental Social Standard (ESS)–7 को सम्मान र कार्यान्वयन नगरिएको ।

(घ) यो दस्तावेज रेडप्लस क्यानकून सम्झौता (REDD+ Cancun Safeguard Agreement) अनुरूप नभएको र सो सम्झौताको पालना र कार्यान्वयन नगरिएको ।

(ङ) लाभान्वित समूह पहिचान गर्दा (दस्तावेजको भाग २ मा) बन उपभोक्ता समूहहरूलाई उल्लेख गरेको तर आदिवासी जनजाति र उनीहरूको प्रणाली र संस्थालाई कतै उल्लेख नगरिएको ।

(च) आदिवासी जनजाति, वनजंगल र प्राकृतिबीचको बहुआयामिक सम्बन्ध र वनजंगल संरक्षणमा आदिवासी जनजातिले सदियौंदेखि पुऱ्याउँदै आएको ऐतिहासिक योगदानको कदर नगरिएको । वनजंगल कायम रहनुमा आदिवासी जनजातिको संस्कृति र मूल्यमान्यताले परापूर्वकालदेखि ठूलो भूमिका खेलेको तथ्यलाई स्वीकार नगरिएको ।

(छ) लाभ बाँडफाँडको लागि समुदायमा आधारित वन उपभोक्ता समूहहरूको विवरण दिएको तर आदिवासी जनजाति भूमि प्रणाली, अभ्यास र संस्थालाई कतै नसमेटिएको र विवरणमा पनि नदेखिएको ।

(ज) मौद्रिक लाभको लगानी सम्बन्धमा वन उपभोक्ता समूहको लगानी योजना अनुसार वन कार्यालयमार्फत् कोष प्रवाह गर्ने उल्लेख भएको तर आदिवासी जनजातिको प्रथाजनित अभ्यास, परम्परागत ज्ञान र भूमि प्रणाली आदिलाई उल्लेख र कदर नगरिएको ।



(झ) कोष प्रवाह सञ्चालन संरचना र निर्णय प्रक्रिया सन्दर्भमा राष्ट्रिय रेडप्लस रणनीति अनुसार नभएको । आदिवासी जनजातिको सामूहिक र संस्थागत प्रतिनिधित्व र सहभागिता हुने संरचना नरहेको । लाभको बाँडफाँड निर्णय संरचना र प्रक्रियामा आदिवासी जनजाति सहभागी हुन पाउने कुनै सम्भावना उल्लेख नभएको ।

(ञ) अनुगमन र प्रतिवेदन (Monitoring and Reporting) को सन्दर्भमा आदिवासी जनजातिले सुरक्षा मापदण्ड अनुगमनको पाटोमा खेल्ने भूमिका अङ्गिकार नगरिएको ।

(ट) गुनासो सुनुवाई संयन्त्र सम्बन्धमा गुनासो पेश र न्यायको प्रत्याभूतिको लागि उपभोक्ता समूह वा स्थानीय सरकार वा अदालतहरूमार्फत् जानुपर्ने तर आदिवासी जनजातिको प्रथाजनित कानुन, न्याय प्रणाली र प्रथाजनित संस्थालाई समावेश र कदर नगरिएको ।

**नेपालको रेडप्लस लाभको बाँडफाँड योजनामा माथिका सवालहरू सुधार र सम्बोधन आदिवासी जनजातिको प्रमुख माग हो ।**

अँलँने/थुजेछे/होर्छे/नुगेन/धन्यवाद !



तस्बीरहरू : संगम थापामगर, टुंङ्ग भद्र राई र अशोक परियार

NEFIN

**Nepal Federation of Indigenous Nationalities (NEFIN)**

Climate Change Partnership Program


Maharajgunj, Kathmandu, Nepal, Phone : 977-1-4515376

E-mail: **info@nefinclimatechange.org**

Website: **www.nefinclimatechange.org**


Support Partner

IWGIA

2022